निर्णयहरु

१. “विपन्न नागरिक औषधि उपचार आर्थिक सहायता निर्देशिका, २०७५ स्वीकृति प्रदान गर्ने” विषयको सामाजिक विकास मन्त्रालयको नं. ७/२४/१४१ -२०७६/१/१० को प्रस्तावमा देहाय बमोजिम गर्नेः-

“प्रस्तावलाई आबश्यक छलफलका लागि मन्त्रिपरिषद् प्रशासन तथा विधेयक समितिमा पठाई समितिको निर्णय बमोजिम गर्ने ।”

२. “प्रदेश पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७५ संशोधन” विषयको आर्थिक मामिला तथा योजना मन्त्रालयको नं. ३/२६/१४२ -२०७६/१/१० को प्रस्तावमा देहाय बमोजिम गर्नेः-

“(१) नियम १० को उपनियम (१) मा रहेको “.........प्रदेश सरकारबाट तोकिएका प्रदेशस्थित” भन्ने वाक्यंशपछि “संघका सम्वन्धित कार्यालय वा” भन्ने वाक्यांश थप गर्ने ।

(२) नियम ११ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) कायम गर्नेः-

“(१)मन्त्रालयले नियम १० को उपनियम (१) वमोजिम कार्यक्रम कार्यान्वयन गर्न अनुसूची-२ वमोजिम उपलव्ध गराउने अनुदान रकम प्रदेशका विषयगत मन्त्रालय अन्तर्गतका कार्यालय वा संघका जिल्लास्थित सम्वन्धित कार्यालयलाई रकम खर्च गर्ने अख्तियारी र निकासाको व्यवस्था मिलाउनु पर्नेछ ।”

३. “आयआर्जन तथा उत्पादनमूलक कार्यमा सहकारी संस्थालाई अनुदान प्रदान गर्ने कार्यविधि, २०७५ को संशोधन” विषयको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ५/१७/१४३-२०७६/१/११ को प्रस्तावमा देहायबमोजिम गर्नेः-

“प्रस्तावमा लेखिएबमोजिम गर्ने ।”

४. “भूमिहीनका लागि सुरक्षित बसोबास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ स्वीकृत गर्ने” विषयको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको नं. ५/१८/१४४-२०७६/१/११ को प्रस्तावमा देहायबमोजिम गर्नेः-

“प्रस्ताव उपर प्रशासन तथा विधेयक समितिमा छलफल गरी समितिको निर्णयसहितको प्रतिवेदन मन्त्रिपरिषद् बैठकमा पेश गर्ने ।”

५. “कानून तर्जुमा सुझाव समिति गठन गर्ने वारे” विषयको आन्तरिक मामिला तथा कानून मन्त्रालयको नं. २/२१/१४५-२०७६/१/११ को प्रस्तावमा देहायवमोजिम गर्नेः-

“प्रस्तावमा लेखिएबमोजिम गर्ने ।”

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सुदूरपश्चिम प्रदेश